नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग

# वीरगञ्ज भन्सार कार्यालय

वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

## भन्सार ऐन, २०८२ को दफा ९२ को उपदफा (१) को देहाय (ख) तथा भन्सार नियमावली, २०८३ को नियम ८६(७) अनुसार विभिन्न सवारी साधन(मोटरसाईकलहरु) सिलवन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरिने वारेको सूचना।

**(सूचना प्रकाशित मिति २०८३।०२।२८)**

भन्सार छली चोरी निकासी/पैठारी अभियोगमा विभिन्न मितिमा यस कार्यालयमा दाखिला भएका तपसिलमा उल्लेखित विभिन्न सवारी साधन(मोटरसाईकलहरु) भन्सार ऐन, २०८२ को दफा ९२ को उपदफा (१) को देहाय (ख) तथा भन्सार नियमावली, २०८३ को नियम ८६(७) अनुसार लिलाम बिक्रीको लागि यो सूचना प्रकाशित गरिएको छ। सूचनामा उल्लेखित सवारी साधन(मोटरसाईकलहरु) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा सिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम बिक्री गरिने भएकोले इच्छुक व्यक्ति, फर्म, कम्पनी वा संघ संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र तपसिलमा उल्लेखित शर्तहरुका अधिनमा रहने गरी गोप्य सिलवन्दी बोलपत्र आव्हान गरिएको छ। आफुले कबोल गरेको रकमको न्यूनतम १०% ले हुने रकम एभरेष्ट बैंक लि. भन्सार क्षेत्र वीरगञ्जमा रहेको यस कार्यालयको धरौटी खाता नम्बर ०१५००१०५२०००६८ मा जम्मा गरी सोको सक्कल भौचर वोलपत्र साथ पेश गर्नु पर्नेछ। साथै यो सूचना भन्सार विभागको वेबसाइट www.customs.gov.np र यस कार्यालयको वेबसाइट birgunj.customs.gov.np मा समेत हेर्न सकिनेछ। उल्लेखित सवारी तथा ढुवानीका साधनहरु हेर्न वा थप जानकारी लिन परेमा यस कार्यालयको मुद्दा शाखामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ।

**तपसिल**

| सूचना नं. | मुद्दा नं. | मिति | सवारी साधनको विवरण | ईन्जिन नम्वर | चेसिस नम्वर | उत्पादन वर्ष | सि.सी. | न्युनतम मूल्य रु | बोलपत्र दस्तुर रु | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३०३ | १४९१ | २०८२।०३।११ | Bajaj Platina | PFXPSM08780 | MD2B63AXX SPM22429 | 2025 | 99.27 | १००००० | १००० | |
| ३०४ | १५१० | २०८२।०३।१५ | Hero Super Splendor | JA06EHJ9824466 | MBLJAR1661 9J9D02739 | 2018 | 124.7 | २५००० | १००० | |
| ३०५ | २३० | २०८२।०५।०८ | Hero Splendor Plus | HA11EYMHF63972 | MBLHAW129 MHF84749 | 2021 | 97.2 | ६०००० | १००० | |
| ३०६ | २४८ | २०८२।०५।१३ | Hero Super Splendor | JA07ABMGD09561 | MBLJAW171 MGD09542 | 2021 | 124.7 | ६०००० | १००० | |
| ३०७ | ३०० | २०८२।०५।२३ | Hero Splendor | HA11E8PHM59854 | MBLHAW228 PHM91382 | 2023 | 124.7 | ७०००० | १००० | |
| ३०८ | ४४२ | २०८२।०६।२६ | Hero Splendor Plus | HA11E7PHC66453 | MBLHAW227 PHCC4295 | 2023 | 97.2 | ८०००० | १००० | |
| ३०९ | २३३ | २०८१।५।११ | Splendor Plus | HA11E7PHD42335 | HBLHAW210 PHD04744 | 2023 | 97.2 | ७०००० | १००० | |

**सिलबन्दी बोलपत्र फाराम सम्बन्धी शर्तहरु:-**

१. बोलपत्र फाराम तोकिएको दस्तुर तिरी (पछि फिर्ता नहुने गरी) यस कार्यालयको आर्थिक प्रशासन शाखा/मुद्दा शाखाबाट सूचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म कार्यालय समयभित्र(सो दिन सार्वजनिक विदा परेमा लगत्तै कार्यालय खुलेको दिन) खरिद गर्न सकिनेछ। साथै बोलपत्र खरिद गर्दा कै अवस्थामा प्राकृतिक व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि तथा अन्य व्यक्ति(फर्म/कम्पनी/संघ/संस्था) को हकमा आयकर, मु.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपी र करचुक्ताको प्रमाणपत्र पेश गर्नुपर्नेछ।

२. आफूले कबोल गरेको रकम अङ्क र अक्षरमा खुल्ने गरी स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। सच्याइएको वा केरमेट गरिएको स्थानमा बोलपत्रदाताको दस्तखत हुनुपर्नेछ। साथै अङ्क र अक्षरमा फरक परेको हकमा अक्षरलाई मान्यता दिइनेछ।

३. बोलपत्र फाराम पेश गर्दा सो वोलपत्र खामभित्र राखी खाममा सिलछाप समेत लगाई पेश गर्नु पर्नेछ र खाम बाहिर वोलपत्र सूचना नं. र वोलपत्रदाताको नाम ठेगाना, खुलाउनु पर्नेछ। साथै प्रत्येक सूचना नं. को मालवस्तुको लागि छुट्टा छुट्टै सिलवन्दी वोलपत्र दाखिला गर्नु पर्नेछ ।



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np

CamScanner

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# वीरगञ्ज भन्सार कार्यालय
वीरगञ्ज म.न.पा.-१६ ईनर्वा
पर्सा, नेपाल

४. वोलपत्रदाताहरुले जसको नाममा बोलपत्र फाराम खरिद गरेको छ सोही नामबाट बोलपत्र पेश गर्नुपर्नेछ। यस कार्यालयबाट बिक्री गरिएको सक्कल वोलपत्र फाराममा मात्र वोलपत्र भर्नुपर्नेछ। साथै कुनै पनि सर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

५. खरिद गरिएका बोलपत्र, सूचना प्रकाशित भएको मितिले ८ औं दिनको अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको लेखा शाखामा (सो दिन सार्वजनिक बिदा परेमा लगत्तै कार्यालय खुलेको दिन सोही समयमा) दर्ता गरिसक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु सोहि दिन दिउँसो १५:०० बजे बोलपत्रदाता र अन्य कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। निर्धारित समयमा वोलपत्रदाता अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

६. वोलपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशित गरी जानकारी गराइनेछ। साथै भन्सार विभागको वेबसाइट www.customs.gov.np र यस कार्यालयको वेबसाइट birgunj.customs.gov.np मा राखिएको सूचनाबाट समेत हेर्न सकिनेछ।

७. कबोल गरेको सवैभन्दा बढी अंक स्वीकृत भए पछि सो रकममा नियमानुसार लाग्ने मू.अ.कर र सडक निर्माण दस्तुर समेत दाखिला गरी बोलपत्र स्वीकृत भएको मितिले ७(सात) दिन भित्र सवारी साधनहरु उठाई लैजानु पर्नेछ। म्याद भित्र उठाई नलगेमा भन्सार नियमावली, २०८३ को नियम ८६ को उपनियम ५ बमोजिमको धरौटी रकम जफत गरी न्यूनतम मूल्य भन्दा बढी अंक कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो वा चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिने छ।

८. लिलामबाट सकार गरेको सवारी साधनहरु प्रचलित ऐन नियमानुसार दर्ता गराउने कार्य निज लिलाम सकारकर्ताको नै हुनेछ।

९. यसमा उल्लेख भए बाहेक अन्य विषयहरु प्रचलित नेपाल ऐन, कानून बमोजिम हुनेछ। साथै वोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।



फोन नं.०५१-५२२९२०, ५२२२२० फ्याक्स नं.०५१-५२५७००, E-Mail:birgunj@customs.gov.np, Webpage: https://birgunj.customs.gov.np